


# सहकारी संस्थाहरुमा कर व्यवस्थापन


















एफसिए राजकुमार फुयाल

"The hardest thing in the world to understand is the Income Tax."

- Albert Einstein



एफसिए राजकुमार फुयाल

हामीले छलफल गर्ने विषयहरु

- सहकारी ऐन २०७४ ले करको विषयमा के भन्छ ?
- अग्रिम कर कट्टी विवरण (E-TDS) कहिले र कसरी पेश गर्ने ?
- आय विवरण कहिले बुझाउने ? कसरी बुझाउने ?
- आयकर ऐन २०५८ ले के भन्छ ?
- सहकारी संस्थालाई भएका सहुलियत?
- आर्थिक ऐनले के भन्छ ?
- शुल्क तथा जरिवाना ?
- अग्रिम कर कट्टी कुन कुन खर्चमा गर्ने, कुन दरले गर्ने ?
- करको किस्ता र किस्ता विवरण कहिले बुझाउने, कति बुझाउने ?
- अन्य विषय ?

एफसिए राजकुमार फुयाल

लागु हुने ऐनहरु

- आयकर ऐन २०५८ (संशोधन समेत)
- आयकर नियमावली २०५९(संशोधन समेत)
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- आर्थिक ऐन

एफसिए राजकुमार फुयाल

करको दर वृद्धि गरेर होइन करको दायरा वृद्धि गरेर राजस्व परिचालन गर्नुपर्छ भन्ने वर्तमान राजस्व नीतिको मान्यता रहेको छ ।




एफसिए राजकुमार फुयाल

आयकर ऐन, २०५८ ले आयकरको **Residence Principle** लाई अंगालेको छ । यस सिद्धान्त अनुसार नेपालको बासिन्दा व्यक्तिको आय संसारभर जहाँभए पनि नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ ।

आयकर ऐन, २०५८ ले आय आर्जन गरेको आयमा आयआर्जन गरेको अवस्थामा नै कर तिर्ने अर्थात **Pay As You Earn (PAYE)** को सिद्धान्तलाई समेटेको छ । यसबाट व्यक्तिको आय निर्धारण र सो आयमा लाग्ने कर भुक्तानी सँगसँगै गर्ने व्यवस्था गरेको छ ।

आयकर ऐन, २०५८ ले पनि मुख्य रूपमा **Global Tax** पद्धतिलाई अपनाएको भए तापनि केही आय (जस्तै लाभांश, आकस्मिक लाभ, आदि) मा भने **Scheduler Tax System** अपनाएको छ ।

एफसिए राजकुमार फुयाल

"आय वर्ष" भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्त सम्मको अवधि सम्झनु पर्छ ।

"सामान्य ब्याज दर" भन्नाले वार्षिक १५ प्रतिशत ब्याज दर सम्झनु पर्छ ।

विभागबाट अवकाश कोष सञ्चालन गर्न स्वीकृति लिएका अवकाश कोष, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषले सञ्चालन गरेका अवकाश कोषलाई स्वीकृत अवकाश कोष भनिन्छ ।

एफसिए राजकुमार फुयाल

"कम्पनी" भन्नाले प्रचलित कम्पनी कानून बमोजिम संस्थापित कम्पनी सम्झनु पर्छ र कर प्रयोजनको लागि देहायका संस्थाहरू समेतलाई कम्पनी सरह व्यवहार गरिनेछः-

(१) प्रचलित कानून बमोजिम स्थापित संगठित संस्था,

(२) कुनै असङ्गठित संघ, समिति, संस्था वा समाज वा दर्ता गरिएका वा नगरिएका एकलौटी फर्म र साझेदारी बाहेकको व्यक्तिहरूको समूह वा ट्रष्ट,

(३) बीस वा सोभन्दा बढी साझेदारहरू भई प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको साझेदारी फर्म, अवकास कोष, सहकारी संस्था, युनिट ट्रष्ट, संयुक्त उद्यम,

एफसिए राजकुमार फुयाल

# आयकर ऐन २०५८ मा अग्रिम कर कट्टी (TDS) सम्बन्धी व्यवस्थाहरु







एफसिए राजकुमार फुयाल

## अग्रिम कर कट्टी (TDS)

कुनै पनि कर लाग्ने कारोबारको भुक्तानी गर्दा कै समयमा कर कट्टा गर्ने प्रावधानलाई भुक्तानी (श्रोत) मा कर कट्टी (Tax Deduction at Source, TDS) भनिन्छ ।

यसलाई **Withholding Tax** समेत भनिन्छ ।

भुक्तानीमा कर कट्टी गर्ने सन्दर्भमा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) र अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) दुई महत्वपूर्ण पक्षहरु हुन्छन् ।

एफसिए राजकुमार फुयाल

## अग्रिम कर कट्टी (TDS) किन ?

- कर लाग्ने कारोबार गर्ने व्यक्तिलाई आयकरको दायरामा ल्याउन
- नियमित रूपले कर संकलन गर्न
- यस प्रणालीले गर्दा सरकारलाई अग्रिममा राजस्व संकलन पनि हुने र करको दायरामा बढी करदाता पनि समेटिनुका साथै सरकार तथा करदाता दुवैको कर संकलन लागत (Compliance Cost) पनि न्यून हुन जान्छ । विशेष गरी असंगठित क्षेत्र, छरिएका र साना भुक्तानी एवं निष्कृय आय हुने प्राकृतिक व्यक्ति (Hard to Tax Group) को आयमा कर लगाउने उद्देश्यले समेत यस्तो प्रबन्ध गरिएको हो ।

एफसिए राजकुमार फुयाल

## पारिश्रमिकमा कर कट्टी

सहकारीले वार्षिक पारिश्रमिकमा कर दायित्व गणना गरेर आएको कर दायित्वलाई १२ महिनाले वा नोकरी अवधी सो भन्दा कम भए सोही बमोजिम दामासाहीले भाग गरी आउने रकम पारीश्रमिक भुक्तानीबाट कट्टा गर्नुपर्ने ।

यसरी पारिश्रमिक कर दायित्व यकिन गरी कर कट्टा गर्ने दायित्व यस ऐनले रोजगारदातालाई तोकेको छ ।

गैर वासिन्दा कर्मचारी भए समदरमा २५ प्रतिशतको दरले करको गणना गर्नुपर्छ ।

एफसिए राजकुमार फुयाल

## रोजगारीको आयमा कुन कुन आय समावेश हुन्छ ?

- ज्याला, तलब, महङ्गी भत्ता
- कर्मचारी सञ्चयकोष र बोनस
- बिदा बापतको रकम, अतिरिक्त समय भत्ता
- पुरस्कार, उपहार, मनोरञ्जन वा यातायात भत्ता




- शैक्षिक भत्ता, अन्य व्यक्तिगत भत्ता वा सुविधा,
- व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको सोधभर्ना
- अवकाश भुक्तानी (जस्तै उपदान, निवृत्तिभरण)
- सवारी साधनको सुविधा र बासस्थानको सुविधा

एफसिए राजकुमार फुयाल

## करयोग्य आयमा समावेश गर्ने कि नगर्ने ?

- खाना तथा खाजा ?
- ईन्धन खर्च ?
- कर्मचारी पोशाक ?
- मोबाइल रिर्चाज ?





- कर्मचारी बोनस ?
- कर्मचारी ऋणमा सहुलियत ?
- दैनिक भ्रमण भत्ता ?
- लक्ष्य हासिल गरे बापत उपलब्ध हुने प्रोत्साहन

एफसिए राजकुमार फुयाल




एफसिए राजकुमार फुयाल

## समान रूपमा उपलब्ध हुने खाना तथा खाजा ?

मानौं, ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफू कहाँ कार्यरत कर्मचारीलाई दैनिक रूपमा कार्यालयमा उपस्थिति भएको बेला समान रूपमा खाना उपलब्ध गराउँदो रहेछ र सो बापत औसत प्रति व्यक्ति दैनिक सरदर रु.२००।- खर्च हुँदो रहेछ । यसरी कर्मचारीले कार्यस्थलमा नै समान रूपले प्राप्त गरेको खाजा बापतको रकम कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दैन ।

तर कर्मचारीलाई खाना तथा खाजा बापत नगदै उपलब्ध गराएको अवस्थामा भने सम्बन्धित कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## ईन्धन खर्च ?

मानौं, ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा कार्यरत कर्मचारीलाई मासिक ५० लिटर पेट्रोल सुविधा स्वरुप उपलब्ध गराउने व्यवस्था रहेछ र त्यस्तो पेट्रोलको बजार मूल्य प्रति लिटर १५० रहेछ भने निजको रोजगारीको आय गणना गर्दा आयमा (१५० * ५०) रु. ७,५००।- प्रति महिनाका दरले हुने रु. ९०,०००।- लाई समेत आम्दानीमा समावेश गर्नु पर्दछ ।




एफसिए राजकुमार फुयाल

## व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्ना बापत प्राप्त गरिएको भुक्तानी

मानौं, हरिप्रसाद भन्ने व्यक्ति ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा कार्यरत रहेछन् । निजको छोरा सनसाइन किड्स भन्ने स्कूलमा पढ्ने र निजले मासिक शुल्क बापत स्कूलमा रु. १०,०००।- तिर्ने गरेका रहेछन् । उक्त मासिक शुल्क रकम निजले आफू कार्यरत संस्थाबाट मासिक रुपमा नै सोधभर्ना लिने गरेका रहेछन् । यस्तो सोधभर्ना प्राप्त रकम रोजगारदाताको व्यवसाय प्रयोजनको लागि नभै निज कर्मचारीको व्यक्तिगत प्रयोजनको लागि भएको हुँदा यस्तो सोधभर्ना बापत प्राप्त गरेको भुक्तानीलाई निजको रोजगारीको आय निर्धारण गर्दा समावेश गर्नुपर्दछ ।

एफसिए राजकुमार फुयाल

मानौं, भरत भन्ने व्यक्ति कुनै संस्थामा कार्यरत रहेछन् । निजले बिदा मनाउन परिवार सहित होलिडे ट्रिपमा गएका रहेछन् । सहकारीको नियमानुसार त्यस्तो ट्रिपमा जान आउन यातायात सुविधा संस्थाले भुक्तानी गर्ने रहेछ । यस्तो होलिडे ट्रिपमा संस्थाले गरेको यातायात खर्च निज भरतको व्यक्तिगत प्रयोजनको खर्च भएकोले निज भरतको रोजगारीको आयमा समावेश गर्नुपर्दछ ।



एफसिए राजकुमार फुयाल

मानौं, ऐ.बि.सी सहकारी संस्थाले प्रमुख कार्यकारी अधिकृतको निजी निवासमा जडान गरिएको धारा बापतको महशुल प्रति महिना रु. २,०००।- बिजुलीको महशुल बापत प्रति महिना रु. ३,०००।- र टेलिफोन महशुल बापत प्रति महिना रु. ३,०००।- तिर्ने गरेको रहेछ । यस सम्बन्धमा निजको निवास स्थानमा उपलव्ध गराईएका माथि उल्लेख गरिए बमोजिमका सुविधा बापत संस्थाले प्रति महिना तिरेको रु.८,०००।- लाई निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ ।





एफसिए राजकुमार फुयाल

## कर्मचारी सहुलियत ऋण ?

कर्मचारीलाई संस्थाले उपलब्ध गराउने निर्ब्याजी वा कम ब्याज दरको कर्जाको **ब्याज सहुलियत** समेत आयमा समावेश गर्नुपर्दछ ।

मानौं, कुनै व्यक्तिलाई संस्थाले वार्षिक ८% का दरले ब्याज तिर्ने गरी रु.१,००,००० कर्जा उपलब्ध गराएको रहेछ र प्रचलित ब्याजदर १४% रहेछ भने फरक दर ६% का हिसाबले हुने रु.६,००० सो कर्मचारीले प्राप्त गरेको ब्याज सहुलियतका रुपमा गणना गरी रोजगारीको आयमा समावेश गरिन्छ ।




एफसिए राजकुमार फुयाल

## सवारी साधन सुविधा

कर्मचारीलाई पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनका लागि उपलब्ध भएको सवारी साधनको लागि निजले खाइपाई आएको तलबको **०.५ प्रतिशत** ले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानी सरह मानी रोजगारीको आयमा समावेश गरिन्छ ।



एफसिए राजकुमार फुयाल

सवारी साधन सुविधा दिँइदा सवारी चालक तथा ईन्धन समेत दिनुपर्ने हुँदा माथि उल्लेख भए अनुसार सवारी साधन सुविधा बापतको रकम आयमा समावेश गरिसकेपछि सवारी चालक वा ईन्धनको लागि रोजगारदाताले गरेको भुक्तानी वा सुविधालाई आयमा समावेश गर्नु पर्दैन ।

तर, यदि कर्मचारीलाई निजी प्रयोजनको निमित्त सवारी साधन सुविधा भनी निश्चित रकम भुक्तानी गरेको भए पूरै भुक्तानी रकम उक्त कर्मचारीको रोजगारीको आयमा समावेश गर्नुपर्ने हुन्छ ।





एफसिए राजकुमार फुयाल

मानौं, कुनै कर्मचारीलाई संस्थाले निजी तथा व्यावसायिक कामको लागि एउटा कार उपलब्ध गराएको रहेछ । **सो कारको बजार मुल्य रु.३४,००,०००।- रहेछ** । निजले आफ्नो मासिक पारिश्रमिक निम्नानुसार प्राप्त गर्ने गरेका रहेछन् ।

| | |
|---|---|
| तलब रु.३०,०००।- | ग्रेड रु.२,०००।- |
| महङ्गी भत्ता रु.५०००।- | अन्य भत्ता रु.१,०००।- |

तलब (३०,००० × १२) रु.३,६०,०००।-

ग्रेड (२,००० × १२) रु.२४,०००।-

**कुल खाइपाई आएको तलब रु.३,८४,०००।-**

०.५% का दरले हुने (३,८४,००० × ०.५/१००) = रु.१९२० निजले सवारी साधन प्रयोग गरे बापत रु.१९२०।- भुक्तानी दिए सरह मानी निजको आयमा समावेश गरिन्छ ।

एफसिए राजकुमार फुयाल

## बासस्थानको सुविधा

कर्मचारीलाई आफ्नै भवनमा वा भाडामा लिई आवास उपलब्ध गराएमा निजले खाइपाई आएको तलबको २ प्रतिशत ले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानी सरह मानी निजको रोजगारीको आयमा समावेश गरिन्छ ।



एफसिए राजकुमार फुयाल

मानौं, मासिक रु.५०,०००।- तलब पाउने “दिनेश” भन्ने एक कर्मचारीलाई कार्यालयले बासस्थान उपलब्ध गराएको रहेछ । उक्त आवास गृह निजलाई सुविधामा उपलब्ध गराएको हुँदा नियमावली अनुसार निजको आयमा खाइपाई आएको तलबबाट २ प्रतिशतका दरले हुन आउने रकम अर्थात रु.१,०००।- प्रति महिना निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

दिनेशले आवासगृह उपलब्ध गराए बापत सहुलियतमा मासिक रु.५,००।- आफ्नो कार्यालयलाई तिर्दै आएका रहेछन् भने पनि खाइपाई आएको तलबबाट २ प्रतिशतका दरले हुन आउने रकम अर्थात रु.१,०००।- प्रति महिना निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

नोट :
कार्यालयमा कार्यरत गार्ड तथा मेसेन्जर वा कार्यालय सहयोगी जस्ता कर्मचारीको लागि अफिसमा नै सुरक्षाका दृष्टिकोणले बासस्थान उपलब्ध गराइएको अवस्थामा यस्तो बासस्थानको उपलब्धता, निजको सुविधा नभई कार्यालयको सुरक्षार्थ बसेकोले निजको रोजगारीको आयमा बासस्थान उपलब्ध गराए बापत तलबको २ प्रतिशतले हुने रकम समावेश गर्नु पर्दैन ।



एफसिए राजकुमार फुयाल

## रोजगारी आयमा समावेश नगरिने

हिसाब किताब राख्न अव्यावहारिक वा प्रशासनिक रूपले कठिन हुने रु. ५०० भन्दा साना रकमको भुक्तानीहरु जस्तै चिया खर्च, पुरस्कार, बक्सिस, आपत्कालिन औषधी उपचार आदि रोजगारीको आयमा समावेश गर्नुनपर्ने ।




एफसिए राजकुमार फुयाल

## रोजगारी आयमा समावेश नगरिने

बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तरपुस्तिका जाँच गरेबापत प्राप्त हुने भुक्तानी रकममा १५ प्रतिशत का दरले भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिनुपर्ने हुन्छ ।

प्रति बैठक बीस हजार रूपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी अनुसार अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी रकम भएको हुँदा उक्त कर कट्टी गरी प्राप्त गरिएको रकमलाई रोजगारीको आय गणना गर्दा समावेश भने गर्नु पर्दैन ।

एफसिए राजकुमार फुयाल

## पारिश्रमिकमा लाग्ने कर (२०७८।७९) : एकल व्यक्तिको हकमा

| रकम | दर (%) |
|---|---|
| पहिलो ४,००,००० | १ |
| थप १,००,००० | १० |
| थप २,००,००० | २० |
| ७,००,००० भन्दा माथि २०,००,००० भन्दा तल | ३० |
| २०,००,००० भन्दा माथि | ३६ |

एफसिए राजकुमार फुयाल

## पारिश्रमिकमा लाग्ने कर (२०७९।८०) : एकल व्यक्तिको हकमा

| रकम | दर (%) |
|---|---|
| पहिलो ५,००,००० | १ |
| थप २,००,००० | १० |
| थप ३,००,००० | २० |
| १०,००,००० भन्दा माथि २०,००,००० भन्दा तल | ३० |
| २०,००,००० भन्दा माथि | ३६ |

एफसिए राजकुमार फुयाल

## पारिश्रमिकमा लाग्ने कर (२०७८।७९) : दम्पत्तिको हकमा

| रकम | दर (%) |
|---|---|
| पहिलो ४,५०,००० | १ |
| थप १,००,००० | १० |
| थप २,००,००० | २० |
| ७,५०,००० भन्दा माथि २०,००,००० भन्दा तल | ३० |
| २०,००,००० भन्दा माथि | ३६ |

एफसिए राजकुमार फुयाल

## पारिश्रमिकमा लाग्ने कर (२०७९।८०) : दम्पत्तिको हकमा

| रकम | दर (%) |
|---|---|
| पहिलो ६,००,००० | १ |
| थप २,००,००० | १० |
| थप ३,००,००० | २० |
| ११,००,००० भन्दा माथि २०,००,००० भन्दा तल | ३० |
| २०,००,००० भन्दा माथि | ३६ |

एफसिए राजकुमार फुयाल

## दम्पत्ती

- पति पत्नी दुवैले लिखित रूपमा सूचना दिएर कुनै खास आयवर्षमा एउटै प्राकृतिक व्यक्तिको (Married filing jointly) रूपमा मानिने गरी छनौट गर्न सक्ने ।
- आश्रितलाई भरणपोषण गर्नुपर्ने विधवा वा विधुरलाई दम्पती सरह मानिने छ ।



एफसिए राजकुमार फुयाल

## रोजगारीको आयबाट घटाउन पाउने रकमहरु






## क) अवकाश कोषमा गरिएको योगदान

रु. ३ लाख वा आफ्नो निर्धारणयोग्य आयको एक तिहाई वा स्वीकृत अवकाश कोषमा गरेको अवकाश योगदानमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने ।

तर स्वीकृति प्राप्त नगरेका अवकाश कोषमा गरेको योगदान भने आयवाट घटाई पाउन दावी योग्य हुंदैन ।

## योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा योगदान गरिएको अवस्थामा

योगदानमा आधारीत सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कर्मचारीको हकमा रु. ५ लाख वा आफ्नो निर्धारणयोग्य आयको एक तिहाई रकम वा सामाजिक सुरक्षा कोषमा गरेको अवकाश योगदान रकम मा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने ।




एफसिए राजकुमार फुयाल

(ख) लगानी बीमा प्रिमियम

लगानी (जीवन) बीमा गरेको छ भने प्रिमियम वा चालिस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सकिन्छ ।



एफसिए राजकुमार फुयाल

(ग) स्वास्थ बीमा प्रिमियम

स्वास्थ बीमा गरेको छ भने प्रिमियम वा २०,००० रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सकिन्छ ।

यस अनुसार करयोग्य आयमा स्वास्थ्य बीमा प्रिमियम घटाएकोमा औषधि उपचार मिलान गर्न पाउने कर रकम सात सय पचास मिलान गर्न पाइने छैन ।



एफसिए राजकुमार फुयाल

(घ) अपाङ्ग व्यक्तिको हकमा कर छुट

अपाङ्गता भएका व्यक्तिको हकमा पहिलो खण्डको करयोग्य आयको ५० प्रतिशत रकम करयोग्य आयबाट घटाउन सक्दछ ।

आ.व.२०७९।८० मा एकल व्यक्ति भए रु. २,५०,०००।- एवम् दम्पती भएमा रु.३,००,०००।- कर योग्य आयबाट घटाउनु पर्दछ ।



एफसिए राजकुमार फुयाल

**(ङ) दुर्गम क्षेत्र सुविधा**

नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता बापत तोकिए बमोजिम बढीमा ५०,००० रुपैयाँ सम्म करयोग्य आयबाट घटाई पाउन दावी गर्न सक्नेछ ।



एफसिए राजकुमार फुयाल

**(च) पारिश्रमिक आय मात्र हुने महिलालाई कर छुट**

पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला कर्मचारीलाई तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुन्छ ।



एफसिए राजकुमार फुयाल

दम्पत्तिको सहुलियत लिएको अवस्थामा महिला कर्मचारीलाई तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुन्छ हुन्न ?

दम्पत्तिको सहुलियत लिएको अवस्थामा पनि महिला कर्मचारीलाई तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुन्छ ।

KMC Public Limited VS Large Tax Payers Office



एफसिए राजकुमार फुयाल

## छ) चन्दा खर्च

कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम एक लाख रुपैयाँ वा सो व्यक्तिको सो वर्षको समायोजित करयोग्य आयको ५% मध्ये जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सक्दछ ।

कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रुपमा घटाउन पाउँछ ।




एफसिए राजकुमार फुयाल

(ज) **घरको बीमा प्रिमियम**

करदाताले आफ्नो स्वामित्वमा रहेको घरको बीमा गरेको छ भने **प्रिमियम रकम वा पाँच हजार रुपैयाँमा** जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सकिन्छ ।



एफसिए राजकुमार फुयाल

मानौं, कविर शर्माले एक बीमा कम्पनीसँग वार्षिक रु.२५,०००।०० प्रिमियम तिर्ने गरी स्वास्थ्य बीमा गराएका रहेछन् । निजले पारिश्रमिक आय गणना गर्दा करयोग्य आयमा भुक्तानी गरेको बीमा प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो घटाउन पाउने हुँदा प्रिमियम तिरेको रु.२०,०००।०० घटाई बाँकी रहने रकममा मात्र कर लाग्नेछ ।

मानौं, कविर शर्माले एक बीमा कम्पनीसँग वार्षिक रु.२२,०००।०० प्रिमियम तिर्ने गरी जीवन बीमा गराएका रहेछन् । निजले पारिश्रमिक आय गणना गर्दा करयोग्य आयमा भुक्तानी गरेको बीमा प्रिमियम वा पच्चिस हजार रुपैयाँमा जुन घटी हुन्छ सो घटाउन पाउन हुँदा प्रिमियम तिरेको रु.२२,०००।०० घटाई बाँकी रहने रकममा मात्र कर लाग्नेछ ।

एफसिए राजकुमार फुयाल

# औषधि उपचार बापत कर मिलान (Medical Tax Credit)

**स्वीकृत औषधि उपचार खर्चको १५% रकम** औषधि उपचार बापत कर मिलान गर्न दाबी गर्न पाउने व्यवस्था रहेको छ।
कर मिलान गर्न पाउने रकम औषधि उपचार बापत भएको **खर्चको १५% रकम वा** रु. ७५० भन्दा बढी हुने छैन।

सीमा भन्दा बढी भएको खर्च वा कर दायित्व रु. ७५० भन्दा कम भएको अवस्थामा यस्तो रकम आगामी वर्षमा सारी दाबी गर्न सकिनेछ। **यस्तो दाबी योग्य रकम अनन्तकाल सम्म दाबी मिलान गर्न पाईन्छ।**




एफसिए राजकुमार फुयाल

Computation of TDS on Salary

एफसिए राजकुमार फुयाल

## अनिवार्य रुपमा PAN लिनैपर्ने

- रोजगारी आय हुने रोजगारकर्ताले स्थायी लेखा नम्बर **(Permanent Account Number-PAN)** लिनु पर्ने र रोजगारदाताले रोजगारकर्तालाई पारिश्रमिक भुक्तानी गर्दा श्रोतमा कर कट्टी गरेको रकम सम्बन्धित राजस्व कार्यालयमा दाखिला गर्दा उक्त रोजगारकर्ताको स्थायी लेखा नम्बर समेत उल्लेख गरी **E-TDS** मार्फत विवरण दाखिला गर्नु पर्नेछ ।




एफसिए राजकुमार फुयाल

## अनिवार्य रुपमा PAN लिनैपर्ने

- PAN लिन अनिवार्य गरिएका व्यक्तिले PAN नलिंदा जरिवाना हुन्छ ।
- स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च प्रयोजनको लागि कट्टी गर्न नपाइने भएको छ ।




एफसिए राजकुमार फुयाल

## रोजगारीको आयमात्र हुनेले आय विवरण बुझाउनुपर्छ/पर्दैन ?

पारिश्रमिक आय मात्र भएको र एकपटकमा एउटा मात्र रोजगारदाता भएमा

चालिस लाख रुपैया भन्दा कम आय भएमा र चन्दा खर्च दाबी नगरेको भएमा

आय विवरण बुझाउनु नपर्ने ।

एफसिए राजकुमार फुयाल

## ज्यालाको भुक्तानीमा अग्रिम कर कट्टी

श्री ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले मान बहादुर थापालाई संस्थाको कौसी र भान्सामा टाएल लगाए बापत दिनको २००० को दरले ४ दिनको ज्याला बापत रु. ८,०००।- भुक्तानी दिनुपर्ने रहेछ । सहकारी संस्थाले उक्त रकम भुक्तानी दिँदा ज्याला रु. ८,०००।- मा १ प्रतिशतका दरले हुने रु. ८०।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रकम रु. ७,९२०।- मान बहादुर थापालाई भुक्तानी गर्नु पर्दछ ।



एफसिए राजकुमार फुयाल



एफसिए राजकुमार फुयाल

## स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा

कर्मचारीको योगदान भएको स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको ५% अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।




एफसिए राजकुमार फुयाल

मानौं, श्याम शर्मा ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा कार्यरत कर्मचारी रहेछन् । उक्त संस्थाले वार्षिक रूपमा निजको नाममा कुनै स्वीकृत नलिएको अवकाश कोषमा सेवा निवृत भएपछि उपदान दिने प्रयोजनको लागि वार्षिक रु.५०,०००।- का दरले ८ वर्षसम्म योगदान गरिदिएको रहेछ । यसरी उपदान कोषमा रकम योगदान गर्दा योगदान गरिएको रकमलाई निजको वार्षिक रोजगारीको आयमा समावेश गरिएको रहेछ । निज सेवा निवृत भएपछि सो अवकाश कोषले निजलाई रु.६,००,०००।- उपदान भुक्तानी गरेको रहेछ । यस अवस्थामा निजलाई उपदान भुक्तानी गर्दा निम्नानुसार करको गणना गर्नुपर्छ ।

जम्मा उपदान भुक्तानी (आम्दानी) रु. ६,००,०००।-

कर तिरी योगदान गरेको रकम (खर्च) रु. ४,००,०००।-

लाभ रु. २,००,०००।-

अवकाश कोषले भुक्तानी गर्ने उपदानमा रु.२,००,०००।- लाभ हुने हुँदा सो रकमको ५ प्रतिशतका दरले रु.१०,०००।- कर कट्टी गरी बाँकी रु.५,९०,०००।- मात्र भुक्तानी गर्नुपर्छ ।

एफसिए राजकुमार फुयाल

## स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा

कर्मचारीको योगदान नभएको स्वीकृति नलिएको अन्य अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको १५% अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।

कर्मचारी उपदान कोष

एफसिए राजकुमार फुयाल

- मानौं, श्याम प्रसाद काफ्ले ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा ०५९ देखि कार्यरत कर्मचारी रहेछन् । उक्त संस्थाले सेवा निवृत भए पछि निजलाई उपदानको रुपमा एकमुष्ट रुपमा रु. ८,००,००० भुक्तानी गर्नुपर्ने रहेछ भने निजलाई यो रकम भुक्तानी गर्दा रु. ८,००,००० को १५% का दरले रु. १,२०,००० कर कट्टी गरी बाँकी रु. ६,८०,००० भुक्तानी गर्नुपर्छ ।

एफसिए राजकुमार फुयाल

## अन्य अवकाश भुक्तानी

- बिदाको सट्टा नगद, औषधी उपचार खर्च, स्वेच्छिक अवकाश योजना अन्तर्गत कर्मचारीलाई भुक्तानी गरिने एकमुष्ठ तलब रकम आदि ।
- आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार एकमुष्ठ दिइने भुक्तानीमा १५% का दरले हुने अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

- मानौं, श्याम प्रसाद ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा ०५९ देखि कार्यरत कर्मचारी रहेछन् । उक्त संस्थाले सेवा निवृत भए पछि निजलाई सेवा अवधिमा उपभोग नगरेको बिदा बापत रु. ५०,००० र सेवा अवधिमा उपभोग नगरेको औषधोपचार खर्च बापत रु. १,००,००० पनि भुक्तानी गर्नुपर्ने रहेछ भने निजलाई यी रकम भुक्तानी गर्दा १५% दरले रु. २२,५०० कर कट्टी गरी बाँकी रु.१,२२,५०० भुक्तानी गर्नुपर्छ ।



## नियमित रूपमा निवृत्तभरण (PENSION)

नियमित रूपमा दिइरहने निवृत्तभरणलाई रोजगारीको आय सरह गणना गरी सोही बमोजिम कर कट्टी गर्नुपर्छ ।

एकल प्राकृतिक व्यक्ति भए रु.४,००,०००।- को २५ प्रतिशतले हुने रकम रु.१,००,०००।- र दम्पती छनौट गरेको भए रु.४,५०,०००।- को २५ प्रतिशतले हुने रकम रु.१,१२,५००।- निवृत्तभरण आयबाट घटाई करयोग्य आय गणना गर्नुपर्छ ।



एफसिए राजकुमार फुयाल

## निक्षेपको ब्याज भुक्तानीमा अग्रिम कर कट्टी

| | |
|---|---|
| प्राकृतिक व्यक्तिलाई निक्षेपमा गरिने ब्याज भुक्तानी | ५% का दरले |
| प्राकृतिक व्यक्ति बाहेक अन्य निकायलाई | १५% का दरले |

कृषि, वनपैदावारमा आधारित सहकारी र गाउँपालिकामा सञ्चालित सहकारीमा जम्मा गरेको निक्षेपमा आर्जित वार्षिक २५,००० रुपैयाँसम्मको ब्याज आयमा कर लाग्ने छैन ।

एफसिए राजकुमार फुयाल

श्री ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा मनिष कुमार ज्यूले १० प्रतिशतका दरले ब्याज आउने गरी रु. २ लाख निक्षेप राखेको रहेछन । उक्त सहकारी संस्थाले दुई लाखमा रु. २०,००० ब्याज भुक्तानी गर्नुपर्ने रहेछ भने भुक्तानी दिदा रु. २०,०००।- को ५ प्रतिशतका दरले हुने रु. १,०००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. १९,०००।- मनिष कुमार ज्यू लाई भुक्तानी गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

श्री ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थामा देवी उपभोक्ता समितीले १० प्रतिशतका दरले ब्याज आउने गरी रु. २ लाख निक्षेप राखेको रहेछन । उक्त सहकारी संस्थाले दुई लाखमा रु. २०,००० ब्याज भुक्तानी गर्नुपर्ने रहेछ भने भुक्तानी दिदा रु. २०,०००।- को १५% का दरले हुने रु. ३,०००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. १७,०००।- भुक्तानी गर्नु पर्दछ ।

अनिलले श्री पानस बचत तथा ऋण सहकारी संस्था, दोलखा, काब्रेमा खाता खोली रु. २,००,०००।- जम्मा गरेका रहेछन् । उक्त निक्षेपमा वार्षिक ८% का दरले ब्याज प्राप्त गर्ने गरेका रहेछन् । निजको खातामा बार्षिक रु. १६,०००।- ब्याज आम्दानी हुन्छ । संस्थाले निजलाई ब्याज भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नु पर्दैन ।



## बाह्य ऋणको ब्याज भुक्तानी :

बैंक वा वित्तीय संस्था र सहकारी संघहरुलाई तिरेको बाह्य ऋणको ब्याज रकममा अग्रिम कर कट्टा गर्नु पर्दैन ।




एफसिए राजकुमार फुयाल

श्री ऐबिसी बचत तथा ऋण सहकारी संस्थाले बाह्य ऋण नीति भित्र रहेर नविल बैंक लिमिटेडबाट व्यवसायको लागि रु. २ करोड वार्षिक १० प्रतिशतका दरले ब्याज तिर्ने गरी ऋण लिएको रहेछ। उक्त संस्थाले वार्षिक रु. २० लाख ब्याज वित्तीय संस्थालाई भुक्तानी गरेको रहेछ । यसरी सो संस्थाले नविल बैक लिमिटेड (वित्तीय संस्था) लाई भुक्तानी गरेको ब्याज रकममा अग्रिम कर कट्टा गर्नु पर्दैन ।

एफसिए राजकुमार फुयाल

## ठेक्का वा करार भुक्तानी

दफा ८९(१) अनुसार ठेक्का वा करार बापत ५०,००० रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्नेछ ।

करार वा ठेक्काको भुक्तानी रकम यकीन गर्ने प्रयोजनको लागि सोही करार अन्तर्गत भुक्तानी पाउने व्यक्ति वा निजको समद्ध व्यक्तिलाई विगत १० दिनमा दिईएका अन्य कुनै भुक्तानी भए सो समेत जोडी यकीन गर्नु पर्दछ ।




एफसिए राजकुमार फुयाल

मानौं, सागर इभेन्टस्ले ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थाबाट ऐ.जि.एम हल/खाजा व्यवस्था ठेक्का वापत रु. ७१,०००।- प्राप्त गरेका रहेछन् । यस्तो भुक्तानी रु. ५०,०००।- भन्दा बढी भएकोले पुरै भुक्तानी रकममा अग्रिम कर कट्टा गर्न पर्दछ । अर्थात, ऐ.बि.सी बचत तथा ऋण सहकारी संस्थाले कुल ठेक्का रकम रु. ७१,०००।- भुक्तानी दिदा १.५ प्रतिशतका दरले हुने रु. १,०६५।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. ६९,९३५।- सागर इभेन्टसलाई भुक्तानी दिनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

मानौं, कर्म बचत तथा ऋण सहकारी संस्थाले मुना स्टेसनरीबाट वर्ष दिन भरी आवश्यक पर्ने स्टेसनरी सामान खरिद गर्ने गरेका रहेछन् । संस्थाले मुना स्टेसनरीबाट सामान खरिद गरे वापत निम्नानुसार भुक्तानी दिएका रहेछन् :

| | |
|---|---|
| २०७६/०२/०३ | रु. २५,०००।- |
| २०७६/०२/०७ | रु. १५,०००।- |
| २०७६/०२/०९ | रु. ९,०००।- |
| २०७६/०२/११ | रु. ६,०००।- |

यस्तो भुक्तानी रु. ५०,०००।- भन्दा बढी भएकोले २०७६/०२/११ मा रु. ५५,००० मा १.५% अग्रिम कर कट्टा गर्न पर्दछ । अर्थात, कर्म बचत तथा ऋण सहकारी संस्थाले रु. ६,०००।- भुक्तानी दिदा ५५,००० मा १.५ प्रतिशतका दरले हुने रु. ८२५।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. ५,१७५।- मुना स्टेसनरीलाई भुक्तानी दिनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## सामान खरिद गर्दा ???

- बिल जे जस्तै भए पनि ५०,००० रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा १.५ प्रतिशत का दरले करकट्टी गर्नुपर्छ ।
- बिल जे जस्तै भए पनि ५०,००० रुपैयाँभन्दा कमको रकम भुक्तानी दिँदा भुक्तानीमा करकट्टी गर्नुपर्ने छैन ।

एफसिए राजकुमार फुयाल

## सेवाको भुक्तानीमा अग्रिम कर

- मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा : १.५%
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको सेवाप्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा : १५%






एफसिए राजकुमार फुयाल

सागर एण्ड कम्पनी मु.अ. करमा दर्ता भएको एक एकाउन्टीङ्ग फर्म रहेछ । उक्त फर्मले श्री ए.बि.सी बचत तथा ऋण सहकारी संस्थालाई परामर्श सेवा उपलव्ध गराए वापत रु. १,००,०००।- मु.अ.कर रु. १३,००० सहित रु. १,१३,०००।- को बिजक जारी गरेको रहेछ भने ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले उक्त रकम भुक्तानी दिदा सेवा शुल्क रु. १,००,०००।- को १.५ प्रतिशतका दरले हुने रु. १,५००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. १,११,५००।- सागर एण्ड कम्पनी लाई भुक्तानी गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

राज एण्ड कम्पनी मु.अ. करमा दर्ता नभइ प्यानमा मात्र दर्ता भएको एक एकाउन्टीङ्ग फर्म रहेछ । उक्त फर्मले श्री ए.बि.सी बचत तथा ऋण सहकारी संस्थालाई परामर्श सेवा उपलव्ध गराए वापत रु. १,००,०००।- को बिजक जारी गरेको रहेछ भने ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले उक्त रकम भुक्तानी दिदा सेवा शुल्क रु. १,००,०००।- को १५ प्रतिशतका दरले हुने रु. १५,०००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. ८५,०००।- राज एण्ड कम्पनी लाई भुक्तानी गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## Rental Payments (बहाल कर)

- दफा ८८(४)(ख) अनुसार **प्राकृतिक व्यक्तिलाई** तिरेको घर बहाल रकममा **अग्रिम करकट्टी गर्नु पर्नेछैन ।**
- दफा ८८(४)(ख) अनुसार **प्राकृतिक वाहेकको** अन्य व्यक्तिलाई तिरेको घर बहाल रकममा १०% दरले अग्रिम कर कट्टा गर्नुपर्छ ।
- **स्थानिय निकायमा बहाल कर बुझाउन पर्छ ?**




एफसिए राजकुमार फुयाल

## फर्निचर र मेशीनरी उपकरणहरु भाडामा लिए बापतको भुक्तानी

फर्निचर र मेशीनरी उपकरणहरु भाडामा लिए वापत भुक्तानी गरिने रकममा १०% का दरले अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रकम भुक्तानी गर्नु पर्दछ ।






एफसिए राजकुमार फुयाल

## भाडाका सवारी साधन (ढुवानी बाहेक)

मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा १.५% ले करकट्टी गर्नु पर्नेछ।

अन्यको हकमा १०% ले करकट्टी गर्नु पर्नेछ।





एफसिए राजकुमार फुयाल

हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले चावहिलमा व्यवसाय सञ्चालन गर्नको लागि मासिक रु. २५,०००।- भाडा तिर्ने गरी घरधनी श्री दयाराम घिमिरेसँग सम्झौता गरेको रहेछ । सम्झौता वमोजिम निज संस्थाले अनिल घिमिरेलाई घरभाडा बापत भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नु पर्दैन ।

हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले चावहिलमा व्यवसाय सञ्चालन गर्नको लागि मासिक रु. ४०,०००।- भाडा तिर्ने गरी श्री ए.सी. कम्प्लेक्स प्रा.लि. सँग सम्झौता गरेको रहेछ। सम्झौता वमोजिम निज संस्थाले कम्प्लेक्सलाई घरभाडा वापत भुक्तानी गर्दा १० प्रतिशतका दरले रु ४,०००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. ३६,०००।- भुक्तानी गर्नु पर्दछ।

एफसिए राजकुमार फुयाल

हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो कम्पनीको लागि आवश्यक पर्ने जेनेरेटर मसिक रु. १२,०००।- मा भाडामा लिएका रहेछन् । यसरी जेनेरेटर भाडामा लिए वापत भुक्तानी गरिने रकम रु. १२,०००।- मा १०% का दरले रु. १,२००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. १०,८००।- भुक्तानी गर्नु पर्दछ ।

हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो कम्पनीको लागि आवश्यक पर्ने फर्निचरहरु १ महिनाको लागि रु. २५,०००।- मा भाडामा लिएका रहेछन् । यसरी फर्निचर भाडामा लिए वापत भुक्तानी गरिने रकम रु. २५,०००।- मा १०% का दरले रु. २,५००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. २२,५००।- भुक्तानी गर्नु पर्दछ ।





अनुसूची–९
धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

कम्प्युटर रसिद नं: २२६५

सि.नं. 006141

आम्दानी रसिद

मिति: २०७६/०१/०६ 2019-04-19

श्री [redacted] बचत तथा ऋण सहकारी संस्था धुलिखेल नगरपालिका-३ काभ्रेपलाञ्चोक प्रदेश नं. ३

| विवरण | | खा. पा. नं. | रकम | |
|---|---|---|---|---|
| वापत (१) | आम्दानी संकेत नम्बर (२) | | रुपैया (३) | पैंसा (४) |
| बहाल कर | ११३२१ | | २,२२२ | ०० |
| रु. दुई हजार दुई सय बाइस मात्र । | | | २,२२२ | ०० |
| अन्य विवरण : २०७५ फागुन महिनाको जम्मा | | | | |

अक्षरेपी:

निशा श्रेष्ठ

समृद्ध धुलिखेलको लागि पर्यटकीय विकास शिक्षा, स्वास्थ्य, व्यापार र आवास

- कर तिरी नगरको विकास निर्माणमा सहभागी बनौं ।
- नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- कर तिर्नु सबै नगरवासीहरुको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
- कर तिरौं, सभ्य नागरिक बनौं ।
- समयमै कर तिरौ, जरिवानाबाट बचौं ।

कर सम्बन्धी विस्तृत जानकारीको लागि राजस्व उप-शाखा फोन नं. ०११-४९०७२४ ४९०३२४ मा सम्पर्क राख्नु होला ।

कर तिर्नु भएकोमा धन्यवाद ।

रकम बुझाउनेको सही

रकम बुझिलिनेको सही

## ढुवानी सेवाको भुक्तानी (यात्रुवाहक सवारी साधन बाहेकका)



ढुवानी सेवा बापत तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा २.५% का दरले करकट्टी गर्नुपर्नेछ ।

मालसामान ओसारपसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनी ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान, ट्र्याक्टर जस्ता ढुवानीका साधनलाई गरिने भाडा भुक्तानी ।

एफसिए राजकुमार फुयाल

ढुवानी सेवा प्रदायकले मालधनीको सामान तोकिएको गन्तब्यमा पुर्‍याए बापतको भाडा भुक्तानीमा २.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था आर्थिक ऐन, २०७५ ले थप गरेको साथै आर्थिक ऐन, २०७७ ले ढुवानी सेवा तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा २.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा भने १.५% ले कर कट्टी गर्नुपर्दछ ।



एफसिए राजकुमार फुयाल

## बैठक भत्ता (Meeting Allowance)

बैठक भत्ता भुक्तानीमा १५% दरले अग्रिम कर कट्टी गर्नुपर्छ।

मानौं, हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लि. मा लेखा समितिको बैठकमा उपस्थित भए बापत बैठक भत्ता रु. २०००।- को व्यवस्था रहेछ। सोही व्यवस्था बमोजिम श्री मेघ थापालाई बैठकमा उपस्थित भए बापत संस्थाबाट हुने बैठक भत्ताको भुक्तानी रु. २०००।- मा १५% दरले रु. ३०० अग्रिम कर कट्टी गरी बाँकी रकम रु. १,७०० निजलाई भुक्तानी गर्नुपर्ने हुन्छ।



एफसिए राजकुमार फुयाल

## लाभांश कर (Dividend Tax)

**लाभांश भुक्तानीमा ५% का दरले करकट्टी गर्नु पर्नेछ।**

मानौं, भाग्यश्री बचत तथा ऋण सहकारी संस्था लिमीटेडको २०७७ असोज १८ गते बसेको साधारण सभाले आर्थिक बर्ष २०७६।७७ को मुनाफाबाट शेयर पूँजीको १० प्रतिशतका दरले हुने रु. ५,००,००० नगद लाभांश बितरण गर्ने निर्णय गरेको रहेछ। यस अवस्थामा जम्मा लाभांश रु. ५,००,००० को ५% ले हुने रु. २५,००० सो संस्थाको २०७७ असोज महिनाको लाभांश बापत अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ।



एफसिए राजकुमार फुयाल

श्री ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाको आर्थिक बर्ष २०७६।७७ मा आफ्ना शेयर सदस्यलाई नगद लाभांश बितरण नगरी रु. ९,५०० मुल्य पर्ने घडी वितरण गरेको रहेछ ।

**यसरी संस्थाले कुनै प्रतिफल प्राप्त नै नगरी शेयर सदस्यलाई गरिएको भुक्तानी ऐनको दफा ५८ बमोजिम लाभांश मानिनेछ ।**

यसरी गरिएको वितरण कर कट्टी पछिको लाभांश भुक्तानी (अर्थात ९५%) मानिने हुंदा यसरी लाभांश मानिएको रकम (९,५००/९५ % = रु. १०,०००) को ५ प्रतिशतले हुने रकम रु. ५०० दाखिला गर्नु सो संस्थाको दायित्व हुनेछ ।

एफसिए राजकुमार फुयाल

## संरक्षित पूँजी फिर्ता कोषबाट बाँडिएको प्रोत्साहन भत्ता

- संस्थाले संरक्षित पूँजी फिर्ता कोषबाट कारोबारको आधारमा बाँड्ने प्रोत्साहन भत्तामा ५% को दरले अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ ।
- मानौं, लकडाउन बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व. २०७६।७७ को असल कारोबारी श्री श्याम थापालाई संरक्षित पूँजी फिर्ता कोषबाट रु. १०,००० प्रोत्साहन भत्ता बितरण गरेको रहेछ । यस अवस्थामा जम्मा प्रोत्साहन भत्ता रु. १०,००० को ५% ले हुने रु. ५०० अग्रिम कर कट्टा गरी बाँकी रकम रु. ९,५०० निजलाई भुक्तानी गर्नुपर्ने हुन्छ ।




एफसिए राजकुमार फुयाल

## साधारण सभा खर्च

- सामान खरिद,
- छपाई खर्च,
- अतिरीक्त समय कामको भुक्तानी,
- यातायात तथा खाजा खर्च,
- भिडीयोग्राफी सेवा,
- विज्ञापन,
- गाडी भाडा,
- साउन्ड सिस्टम,
- हल भाडा




एफसिए राजकुमार फुयाल

## सफ्टवेयर नविकरण










- How much tax is to be retained?
- Vat Bill : 1.5%, Non Vat Bill : 15%

एफसिए राजकुमार फुयाल

## बीमा खर्च

संस्थाले भल्टमा रहने नगद, काउन्टरमा रहने नगद र मार्ग स्थल नगदको बीमा बापतको प्रिमियमको भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्दैन ।



## ईन्टरनेट महशुल भुक्तानी

ईन्टरनेट सेवा बापतको भुक्तानीमा १.५% दरले करकट्टी गर्नुपर्नेछ ।

तर नेपाल टेलिकमबाट लिइने ईन्टरनेट सेवा बापतको भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्ने छैन ।

## आकस्मिक लाभमा करकट्टी

- दफा ८८क (१) अनुसार आकस्मिक लाभ वापतको भुक्तानीमा २५% दरले करकट्टी गर्नुपर्नेछ ।
- मानौं, रमन श्रेष्ठ भन्ने व्यक्तिले दशैंको समयमा चिठ्ठा खरीद गरेको रहेछ । चिठ्ठा खोल्दा सो व्यक्तिलाई रु. १,००,००० को चिठ्ठा परेको रहेछ भने उक्त व्यक्तिलाई भुक्तानी गर्दा २५ प्रतिशतले हुने अर्थात रु. २५,००० भुक्तानीमा कर कट्टा गरी बाँकी रु. ७५,००० मात्र भुक्तानी गर्नुपर्दछ ।




एफसिए राजकुमार फुयाल







एफसिए राजकुमार फुयाल

## रेमिट्यान्स भुक्तानीमा अग्रिम कर असुल गर्नुपर्ने

कुनै व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै अन्य सेवा उपलब्ध गराए बापत प्राप्त गरेको रकमको भुक्तानीमा प्राप्त रकमको १% का दरले अग्रिम कर असुल गर्नुपर्ने हुन्छ ।

आर्थिक ऐन २०७८७९ ले थप गरेको व्यवस्था




एफसिए राजकुमार फुयाल

## भुक्तानीमा कर कट्टी गर्न छुटाएमा

अग्रिम कर कट्टी गर्ने दायित्व भएको व्यक्तिले कर कट्टी हुनुपर्ने भुक्तानीमा कर कट्टी गर्न छुटाएको भए तापनि ऐनको दफा ९० को उपदफा (३) बमोजिम विभागले त्यस्तो व्यक्तिबाट कर असुल गर्न सक्दछ ।

यसरी असुल उपर गर्दा ऐनको दफा १२० को खण्ड (क) बमोजिम कर रकमको ५०% ले हुने शुल्क समेत लाग्दछ ।

एफसिए राजकुमार फुयाल

## भुक्तानीमा कर कट्टी गर्न छुटाएमा

कर कट्टी नगरेको रकम अग्रिम कर कट्टी गर्ने व्यक्तिले विभागलाई दाखिला गरेको भएमा सो दाखिला भएको कर रकम बराबरको रकम सो कर कट्टी हुनुपर्ने व्यक्तिवाट असूल उपर गर्न पाउनेछ ।

तर, उक्त कर रकम दाखिला गर्ने सन्दर्भमा सो बैंकले कुनै ब्याज तथा शुल्क समेत विभागमा दाखिला गरेको रहेछ भने यस्ता ब्याज तथा शुल्क भने दाबी गर्न सक्ने छैन ।

एफसिए राजकुमार फुयाल

श्याम श्रेष्ठ, सागर बचत तथा ऋण सहकारी संस्था लि. मा सञ्चालक रहेछन् । निजले संस्थाको बैठकमा उपस्थित भै छलफल गरे अनुरुप बैठक भत्ताको रुपमा रु. ५,०००।- प्राप्त गरेका रहेछन् । तर भुक्तानी गर्दाका अवस्थामा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको रहेछ । तर सागर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले उक्त रकम अर्थात १५% दरले हुने अग्रिम कर रकम रु. ७५०।- सम्वन्धित राजस्व कार्यालयमा बुझाई दिएका रहेछन् भने त्यस्तो अवस्थामा सागर बचत तथा ऋण सहकारी संस्था लि. ले निज सञ्चालकबाट उक्त रु. ७५०।- असुल उपर गर्न सक्दछ । तर, उक्त कर रकम दाखिला गर्ने सन्दर्भमा सो सहकारी संस्थाले कुनै ब्याज तथा शुल्क समेत विभागमा दाखिला गरेको रहेछ भने यस्ता ब्याज तथा शुल्क भने दाबी गर्न सक्ने छैन ।

एफसिए राजकुमार फुयाल

## अग्रिम कर कट्टी रकमको हिसाब मिलान

- **अग्रिम कर कट्टी रकम कर कट्टी हुने व्यक्तिले सो भुक्तानी गरेको आय वर्षमा दाखिला गर्नु पर्ने कर रकममा मात्र मिलान गर्न दाबी गर्न सक्नेछ ।**
- ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले व्यवसाय सञ्चालन गर्नका लागि चावहिल कमप्लेक्समा मासिक रु. ५०,०००।- तिर्ने गरी फ्ल्याट भाडामा लिएका रहेछन् । संस्थाले भुक्तानीको समयमा १०% दरले हुने रु. ५,०००।- कर कट्टा गरी बाँकी रकम चावहिल कमप्लेक्सलाई बुझाउने गरेको रहेछ । चावहिल कमप्लेक्सले आफ्नो आय विवरण बुझाउने क्रममा आ.व. ७६।७७ को तिर्नुपर्ने कर रु. १,००,०००।- रहेछ भने उक्त तिर्नुपर्ने कर रकम रु. १,००,०००।- मा घरभाडा वापत ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले तिरेको बाह्र महिनाको भुक्तानीमा कर रकम रु. ६०,०००।- मिलान गरी बाँकी रकम रु. ४०,०००।- मात्रै बुझाउनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

मानौ, सो आय वर्ष, चावहिल कमप्लेक्सले तिर्नु पर्ने दायित्व रकम रु. ५०,०००।- मात्रै रहेछ भने निजले त्यस आ.व. मा भुक्तानीमा कर कट्टा गरी बुझाएको रकम रु. ६०,०००।- कर मिलान गरी ऐनको दफा ११३ अनुसार अर्को वर्षमा मिलान गर्नका लागि Carry Forward गर्न पाउने वा Refund को लागि दावी गर्न सक्नेछन् ।

एफसिए राजकुमार फुयाल

मानौं, चावहिल कमप्लेक्सले आ.व. ७६।७७ को तिर्नु पर्ने कर दायित्व रु.१,००,०००।- मा सोही आर्थिक वर्षमा ए.बि.सी बचत तथा ऋण सहकारी संस्था मार्फत तिरेको घरभाडाको भुक्तानीमा कर मिलान गर्न छुटेको रहेछ । चावहिल कमप्लेक्सले उक्त श्रोतमा कट्टा गरिएको भुक्तानीमा कर आ.व. ७६।७७ मा तिरेको भुक्तानीमा कर रकम पछिल्लो आ.व. मा कर मिलान दावी गर्न पाउने छैन । **तर, ऐनको दफा ११३ बमोजिम बढी तिरेको कर फिर्ताको लागि दावी गर्न सक्नेछ।**

एफसिए राजकुमार फुयाल

## अग्रिम कर कट्टी रकमको भुक्तानी

अग्रिम कर कट्टी गरिएको कर रकम प्रत्येक **महीना समाप्त भएको २५ दिनभित्र** सम्बन्धित आन्तरिक राजस्व कार्यलयमा दाखिला गर्नुपर्नेछ ।

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.२०,०००।- र घर बहाल भुक्तानीमा रु. ५,०००।- कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकम बैशाख महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यलय/करदाता सेवा कार्यलयमा दाखिला गर्नुपर्नेछ।




एफसिए राजकुमार फुयाल

## अग्रिम कर नबुझाएमा लाग्ने ब्याज :

अग्रिम कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा १५ प्रतिशत का दरले ब्याज लाग्नेछ।




एफसिए राजकुमार फुयाल

## अग्रिम कर नबुझाएमा लाग्ने ब्याजको उदाहरण :

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.२५,०००।- कर कट्टा गरेको रहेछ, त्यस्तै सो महिनाको घर बहाल भुक्तानीमा रु. ५,०००।- कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकम बैशाख महिनाको २५ गतेभित्र नभएर जेठ १२ गते दाखिला गरेमा (रु ३०००० * १५% * १/१२ = ३७५) रु. ३७५ ब्याज सहित रु. ३०,३७५ सम्बन्धित आन्तरिक राजस्व कार्यलय /करदाता सेवा कार्यलयमा दाखिला गर्नुपर्नेछ।

एफसिए राजकुमार फुयाल

# राजस्व संकेतहरु (Revenue Code)

| राजस्व शिर्षक | राजस्व संकेतहरु | कैफियत |
|---|---|---|
| ब्याज कर | ११13२ | |
| सामाजिक सुरक्षा कर | ११२११ | |
| पारिश्रमिक कर | ११११२ | |
| व्यक्तिगत/एकलौटि फर्मको भुक्तानी | ११११ १ | |
| प्रा.लि. कम्पनीको भुक्तानी | १११२३ | |
| सहकारी/साझेदारी फर्मको भुक्तानी | १११२४ | |
| बहाल कर | १११३१ | |
| लाभांश कर | १११३३ | |



# सहकारी संस्था सम्बन्धी विशेष व्यवस्था

आयकर ऐन २०५८ को दफा ५९(१ख) मा भएको व्यवस्था अनुरुप सहकारी संस्थाले जोखिम व्यहोर्ने कोषमा राखेको रकम मध्ये कूल वक्यौता ऋण रकमको **बढीमा ५% रकम**लाई खर्चको रुपमा दाबी गर्न पाउने व्यवस्था गरेको छ ।

**यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अबस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखेको रकम मिन्हा हुने छैन ।**

**जोखिम व्यहोर्ने कोषमा रहेको रकम पूँजिकृत गरिएमा वा मुनाफा वा लाभांश बांडफांड गरिएमा जुन बर्ष बांडफांड गरिएको छ सोही बर्षको आयमा समाबेस गरिनेछ ।**

## ऋणको वर्गिकरण र नोक्सानी कोषको व्यवस्था

| | | |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्ष सम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराब ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |




एफसिए राजकुमार फुयाल

## ब्याज मुल्तबी हिसाब (Interest Suspense)

सहकारी व्यवसायले आफ्नो वक्यौता ऋणहरुमा पाकेको व्याजलाई नगदमानै असुल गर्न नसकेको खण्डमा सो ब्याज रकमलाई **मुल्तवी हिसाबमा (Interest Suspense)** राख्नु पर्ने निर्देशन सहकारी विभागले जारी गरेको छ र यसरी मुल्तबीमा रहेको ब्याज रकम जुन समयमा नगद असुल हुन्छ सोही समयमा ब्याज आम्दानी जनाउनु पर्ने हुन्छ। सहकारी विभागले जारी गरेको निर्देशन बमोजिम बचत तथा ऋणको कारोबार गर्ने संस्थाले गरेको कर्जा लगानीको ब्याज नगद प्राप्तीको आधारमा मात्र आय गणना गर्न सक्नेछ।

एफसिए राजकुमार फुयाल

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाको आर्थिक बर्ष २०७३।७४ मा कुल कर्जा बक्यौताको Accrual Basis मा ब्याज गणना गर्दा रु. ९०,००,००० ब्याज आम्दानी हुने रहेछ । सो मध्ये रु. ६५,००,००० नगदमै असुल भएको रहेछ र बाँकी रकम प्राप्त नभएको रहेछ भने नगदमा प्राप्त ब्याज रु. ६५,००,००० मात्र आर्थिक बर्ष २०७३।७४ मा आयमा गणना गरिनु पर्छ र बाँकी रकम रु. २५,००,००० सो बर्ष ब्याज मुल्तबी (Interest Suspense) हिसाबमा राख्नु पर्दछ । यसरी मुल्तबी रहेको ब्याज जुन समयमा नगद प्राप्त हुन्छ सोही समयमा आयमा समाबेस गर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## ह्रासकट्टी खर्च

ह्रास योग्य सम्पत्तिको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

| वर्ग | सम्पत्तिको विवरण |
|---|---|
| “क” | भवन, स्ट्रक्चर र स्थायी प्रकृतिका यस्तै प्रकारका अन्य बनौटहरु । |
| “ख” | कम्प्यूटर, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु । |
| “ग” | अटोमोबाइल्स, बस तथा मिनीबसहरु । |
| “घ” | निर्माण तथा उत्खनन् सम्बन्धी उपकरणहरु । |
| “ङ” | वर्ग “घ” मा उल्लेख भएका ह्रासयोग्य सम्पत्तिहरु बाहेकका अदृश्य सम्पत्तिहरु । |

एफसिए राजकुमार फुयाल

उल्लिखित प्रत्येक समूहको हकमा लागू हुने ह्रासको दर देहाय बमोजिम हुनेछ :-

| वर्ग | दर |
|---|---|
| "क" | ५ प्रतिशत |
| "ख" | २५ प्रतिशत |
| "ग" | २० प्रतिशत |
| "घ" | १५ प्रतिशत |
| "ङ" | सम्पत्ति खरिद गर्दाको बखतमा उक्त सम्पत्तिको लागतलाई सम्पत्तिको प्रयोगावधिले भाग गरी निकटतम आधा वर्षमा मिलानगरी हुन आउने दर प्रतिशतमा । |

एफसिए राजकुमार फुयाल

कर नलाग्ने बाहेकका सहकारी संघ तथा संस्थाको हकमा लागू हुने ह्रासको दर देहाय बमोजिम हुनेछ :-

| वर्ग | दर |
|---|---|
| "क" | ६.६७ प्रतिशत |
| "ख" | ३३.३३ प्रतिशत |
| "ग" | २६.६७ प्रतिशत |
| "घ" | २० प्रतिशत |

एफसिए राजकुमार फुयाल

ह्रास आधार प्रयोजनको लागि समय अनुसार सम्पत्तिको लागतको गणना गर्दा निम्नानुसारको रकम ह्रास आधारमा जोड्नु पर्छ :

- आय वर्षको शुरु देखी पुष मसान्तसम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागत रकम पुरै,
- माघदेखि चैत्र मसान्त वीचको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको दुई तिहाई रकम,
- बैशाख देखि आय वर्षको अन्त्य सम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको एक तिहाई रकम,
- उपरोक्तानुसार समावेश भई बाँकी रहने लागत रकम आगामी आय वर्षको सुरु ह्रास आधारमा जोडिन्छ ।

एफसिए राजकुमार फुयाल

कुनै व्यक्तिले फिस्कल प्रिन्टर र क्यास मेशिन राखी बील बीजक जारी गर्ने गरेमा सो प्रिन्टर तथा क्यास मेशिनमा भएको खर्चको एकमुष्ट रकम ह्रासखर्च वापत सोही वर्ष दाबी गर्न सक्नेछ ।

एफसिए राजकुमार फुयाल

मानौं, अशोक खनालको लगानीको आय रहेछ । निजले सो कारोबारको लागि आ.व. २०७६।७७ मा रु. ६०,००० को कम्प्युटर खरिद गरेका रहेछन् । उक्त आ.व.को ह्रास आधार गणना गर्दा "ख" समुहको सम्पत्ति रु. ६०,००० पर्ने कम्प्यूटर २०७६ पौष महिना भित्रमा थप भएको रहेछ भने पुरै रकम अर्थात रु. ६०,००० नै ह्रास आधारमा समाबेस गर्न पाईन्छ । त्यस्तै सो कम्प्यूटर २०७६ माघ देखि चैत्र मसान्त सम्ममा थप भएको रहेछ भने दुई तिहाई रकम अर्थात रु. ४०,००० तथा सो कम्प्यूटर २०७७ बैशाख देखि आषाढ मसान्त सम्ममा थप भएको रहेछ भने एक तिहाई रकम अर्थात रु. २०,००० ह्रास आधारमा समाबेस गर्न पाईन्छ ।

एफसिए राजकुमार फुयाल

## कर प्रयोजनको लागी खर्च लेख्ने सिमा

| खर्च | सिमा |
|---|---|
| ब्याज खर्च | सबै |
| व्यापार मौज्दातको लागतको खर्च | सबै |
| मर्मत तथा सुधार खर्च | स्थिर सम्पत्तिको ७ प्रतिशत सम्म |
| प्रदूषण नियन्त्रण खर्च | करयोग्य आयको पचास प्रतिशत सम्म |
| अनुसन्धान र विकास खर्च | करयोग्य आयको पचास प्रतिशत सम्म |
| ह्रासकट्टी खर्च | सबै |
| सामान्य कट्टी(प्रसाशनीक खर्च) | सबै |

एफसिए राजकुमार फुयाल

## कर प्रयोजनको लागि कट्टी गर्न नपाउने खर्च

- घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,
- यस ऐन बमेजिम बुझाउनु पर्ने कर र सरकार/स्थानीय निकायलाई कुनै कानून वा सो कानून अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लंघन गरे बापत बुझाइएको जरिवाना र यस्तै अन्य शुल्क,
- निकायबाट गरिएको मुनाफाको वितरण,
- **कुनै पनि स्थानीय निकायलाई बुझाउनु पर्ने कर आयकर प्रयोजनको लागि खर्च लेख्न पाइने छ।**

एफसिए राजकुमार फुयाल

## कर प्रयोजनको लागि कट्टी गर्न नपाउने खर्च

- स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ३,००० भन्दा ज्यादा ज्याला खर्च कर प्रयोजनको लागि कट्टी गर्न पाइने छैन।
- स्थायी लेखा नम्बर नभएको रु. २,००० रुपैयाँभन्दा बढी मूल्यको खर्च कर प्रयोजनको लागि कट्टी गर्न पाइने छैन।
- संस्थाले कुनै पनि खर्चको भुक्तानी गर्दा एक पटकमा ५०,००० रुपैयाभन्दा बढीको नगद भुक्तानी गरेमा सो खर्च आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न पाउनेछैन।

एफसिए राजकुमार फुयाल

## उपदान खर्च

सहकारी संस्थाहरुमा कर्मचारीहरुको उपदान रकम प्रोदभावी आधार (Accrual Basis) मा खर्च लेख्ने नीति लिइएको पाइन्छ।

तर कर प्रयोजनको लागि भने कर्मचारीहरुलाई उपदान भुक्तानी भएपछि मात्र खर्च लेख्न पाइन्छ ।




एफसिए राजकुमार फुयाल

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आ.व. २०७६।७७ मा रु. ८० लाख बराबरको कारोबार गरेको रहेछ। उक्त आ.व.को कूल खर्च रु. ६० लाख रहेछ। संस्थाले आ.व. २०७६।७७ मा रु. ७ लाख बराबरको उपदान खर्च लेखी उक्त रकम कर्मचारी उपदान कोषमा राखेको रहेछ। आ.व. २०७६।७७ मा संस्थाको कर योग्य रकम रु. (८०-६०+७) २७ लाख हुनेछ।

एफसिए राजकुमार फुयाल

## बोनस खर्च

- **बोनस ऐन, २०३० बमोजिम बोनस व्यवस्था गर्दा :** बोनस व्यवस्था वापतको खर्च घटाएपछि कायम हुन आउने खूद नाफाको वढीमा १०% रकम आयकर प्रयोजनका लागि खर्च कट्टी गर्नसकिने ।
- बोनस बापत छुट्याइएको रकम अर्को आय वर्ष भित्र वितरण नभएमा त्यसरी वितरण नभएको रकम बोनस खर्च कट्टी लिएको आय वर्षको पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुपर्ने ।




एफसिए राजकुमार फुयाल

**सहकारी नियमावली अनुसार व्यवस्था भएको कोषबाट बोनस वितरण भएमा :** वितरण नभएको रकम पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुनपर्ने ।

त्यसो भए के गर्ने त ?

वितरण नभएको रकम पछिल्लो आय वर्षमा साधारण जगेडा कोषमा रकमान्तर गर्नुपर्ने ।

एफसिए राजकुमार फुयाल

## कर प्रयोजनको लागि आम्दानी नमानिने

**लाभांश आम्दानी**

- विभिन्न छाता संगठनहरुबाट प्राप्त लभांश आम्दानीलाई कर प्रयोजनको लागि आम्दानी देखाउनु पर्दैन ।
- प्राप्तीका बखत गरिएको ५% अग्रिम कर कट्टी नै अन्तीम हुनेछ ।




एफसिए राजकुमार फुयाल

## अग्रिम कट्टी गरिएको विवरण (E-TDS)

- दफा ९०(१) अनुसार अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र **E-TDS** मार्फत विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।
- तोकिएको मितिसम्म अग्रिम कट्टी गरिएको **E-TDS** विवरण दाखिला नगरेमा २.५ प्रतिशत दरले अतिरिक्त शुल्क लाग्नेछ ।




एफसिए राजकुमार फुयाल

## अग्रिम कट्टी गरिएको विवरण (E-TDS) नबुझाएमा लाग्ने शुल्कको उदाहरण :

- मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.२५,०००।- कर कट्टा गरेको रहेछ, त्यस्तै सो महिनाको घर बहाल भुक्तानीमा रु. ५,०००।- कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकमको विवरण बैशाख महिनाको २५ गतेभित्र नभएर जेठ १२ गते दाखिला गरेमा (रु ३०००० * २.५% * १/१२ = ) रु. ३७५ सम्बन्धित आन्तरिक राजस्व कार्यलय /करदाता सेवा कार्यलयमा दाखिला गर्नुपर्नेछ ।

एफसिए राजकुमार फुयाल

## अग्रिम कट्टी गरिएको विवरण (E-TDS) गर्ने तरिका

- www.ird.gov.np मा गएर Taxpayer Portal मा क्लिक गर्नुहोस ।
- त्यसपछि E-TDS मा क्लिक गर्नुहोस ।
- सब्मिशन नं लिने फारम भरेर Register मा क्लिक गर्नुहोस ।
- सब्मिशन नं नोट गर्नुहोस । पछि Log-in गर्न काम आउँछ ।
- ट्रान्जयाकशन भर्ने फारम मा क्लिक गर्नुहोस ।



एफसिए राजकुमार फुयाल

- ट्रान्जयाकशन (प्यान नं, मिती, भुक्तानी रकम, टि.डि.एस रकम, टि.डि.एस किसिम) विवरण भरेर Save गर्नुहोस ।
- थप कारोबार Entry गर्न Add मा क्लिक गर्नुहोस ।
- सबै कारोबार इन्ट्री गरिसकेपछि भौचर फारम मा क्लिक गर्नुहोस ।
- स्किनमा देखिने सबै विवरण (खाता नं, भौचर नं, भुक्तानीको किसिम, कार्यालय, टि.डि.एस रकम, बैंक कोड आदि) भर्नुहोस र Save गर्नुहोस ।
- अगाडि ट्रान्जयाकशन भर्ने फारम मा आएर Submit Button मा क्लिक गर्नुहोस ।
- Print Preview मा क्लिक गर्नुहोस र Print निकालेर कर कार्यलयमा गएर विवरण रुजु गराउनुहोस ।

एफसिए राजकुमार फुयाल

## अग्रिम कर कट्टी भई E-TDS मार्फत जम्मा भएको रकम हेर्ने प्रक्रिया

- Username, Password प्राप्त गर्न आ.रा.का. मा सम्पर्क गर्नुहोस । त्यसपछि,
- www.ird.gov.np मा Taxpayer Portal मा क्लिक गर्नुहोस ।
- त्यसपछि E-TDS मा क्लिक गर्नुहोस ।
- Withholdee Login मा क्लिक गर्नुहोस ।
- Username, Password राखी आफ्नो विवरण हेर्नुहोस ।

एफसिए राजकुमार फुयाल

# कर कट्टी प्रमाणपत्र TDS Certificate

- भुक्तानी रकम, अग्रिम कर कट्टी रकम तथा अवधि खुलाई अग्रिम कर कट्टी गरेको महिना समाप्त भएको २५ दिनभित्र अग्रिम कर कट्टी प्रमाणपत्र दिनुपर्ने ।
- दफा ८७ बमोजिम (रोजगारी) कर कट्टी गरिएको अवस्थामा वर्ष समाप्त भएको मितिले तीस दिनभित्र उपलब्ध गराई सक्नुपर्नेछ ।
- बिचमा रोजगारी गर्न छोडेको भए सो रोजगारी छोडेको मितिले ३० दिनभित्र सो प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।



**TDS WITHHOLDING CERTIFICATE**

(For the purpose of Income Tax Act 2002, Section 91)

**1 WITHHOLDEE DETAILS**

| | |
|---|---|
| PAN | 108267967 |
| Name : | Rajesh Kumar Tekriwal |
| Phone No.: | |
| Address : | Kathmandu |

**2 WITHHOLDING AGENT DETAILS**

| | |
|---|---|
| PAN | 305616386 |
| Name : | Om Chao Biro Pellet Feed Industries Private Limited |
| Phone No.: | 01-4101670 |
| Address : | Tankisinubari, Ward No 5, Biratnagar, Morang, Nepal |

**3 PAYMENT AND TDS SUBMISSION DETAILS**

| | | |
|---|---|---|
| Payment Heading of TDS | | Remuneration |
| Revenue Account Heading of TDS Payment | | 11211 & 11112 |
| Period Payment Covers | | |
| | From | 2074.04.01 |
| | To | 2075.03.32 |
| Total Salary Amount Paid | Rs | 622,548.00 |
| Social Security Tax @ 1% | Rs | 4,000.00 |
| Remuneration Tax | Rs | 45,637.00 |
| Date of TDS Deposited | | 23.09.2075 |
| Voucher Number of TDS Deposited | | 6647535 & 6647534 |
| E-TDS Submission Number | | |
| E-TDS Submission Verified Date | | |
| Name of Tax Office | | Large Taxpayer Office |





# किस्ताबन्दीमा कर दाखिला

| दाखिला गर्नु पर्ने मिति | | दाखिला गर्नु पर्ने रकम |
|---|---|---|
| पुस महिनाको अन्त्यसम्म | → | अनुमानित करको ४०% रकममध्ये तिर्न बाँकी कर रकम |
| चैत्र महिनाको अन्त्यसम्म | → | अनुमानित करको ७०% रकममध्ये तिर्न बाँकी कर रकम |
| असार महिनाको अन्त्यसम्म | → | अनुमानित करको १००% रकममध्ये तिर्न बाँकी कर रकम |



# अनुमानित करको विवरण

संस्थाले पहिलो कर किस्ता रकम बुझाउनु पर्ने मिति भित्र अनुमानित करको विवरण विभागमा पेश गर्नु पर्नेछ।

किस्ताबन्दीमा कर दाखिलाको विवरण पेश नगरेमा रु ५,००० वा करयोग्य आयको ०.०१% ले हुने रकम मध्ये जुन बढी हुन्छ सो रकम जरिवाना लाग्छ।



अनुसुची - २
अनुमानित करको विवरण
(नियम ३४ सँग सम्बन्धित)

Printed Date: 2077.09.29

Submission No: 770028116172
आन्तरिक राजस्व कार्यालयको नाम: 303411482
स्थिति: Verified

☒ अनुमानित करको विवरण(IN) ☐ संसोधित अनुमानित करको विवरण(IR)

This Record Has Been Verified On 2077.09.29

**१. करदाता सम्बन्धी विवरण**

| | | | | |
|---|---|---|---|---|
| स्था.ले.नं. | ३ ० ३ ४ १ १ ४ ८ २ | | | |
| नाम | आयाम बचत तथा ऋण सहकारी संस्था लि. | | | |
| ठेगाना | घर नं. | वार्ड नं. | गाउँ / टोल र बाटोको नाम | ☐ म. न. पा. ☐ उ. म. न. पा. ☒ न. पा. ☐ गा. वि. स. | जिल्ला |
| | | ३ | इमाखेल | चन्द्रागिरी | |
| फोन | | मोबाईल | | ईमेल |
| आय वर्ष | २ ० ७ ७ / ० ७ ८ | | | |

करदाताको किसिम : सहकारी

**२. अनुमानित करको गणना**

| | | |
|---|---|---|
| १ | चालु आ.व. मा व्यवसाय वा लगानीबाट प्राप्त हुने अनुमानित मुनाफा वा लाभ | १८,०००,०००.०० |
| २ | कट्टी हुने रकम | १५,०००,०००.०० |
| ३ | आयकर ऐन २०५८ को दफा ११ तथा ६४ बमोजिमको कर छुट हुने रकम | |
| ४ | आय वा नोक्सानी | ३,०००,०००.०० |
| ५ | अन्य व्यवसाय वा लगानीको आय | |
| ६ | निर्धारण योग्य आय | ३,०००,०००.०० |
| ७ | कर छुट भएको संस्थालाई दिएको चन्दा | |
| ८ | अवकाश योगदान | |
| ९ | करयोग्य आय | ३,०००,०००.०० |
| १० | उपरोक्त बमोजिम करयोग्य आयमा आयकर ऐन २०५८ को अनुसुची १ बमोजिम लाग्ने कर | ९५०,०००.०० |
| ११ | स्रोतमा कट्टी भएको रकम | ५००,०००.०० |
| १२ | किस्ता रकम | ४५,०००.०० |

**३. अनुमानित विदेशी कर**

| | | |
|---|---|---|
| १ | चालु आयवर्षमा विदेशी स्रोतको आय भएमा विदेशमा तिरेको वा तिर्नु पर्ने अनुमानित आयकर रकम | |
| २ | अवकाश योगदान | |
| ३ | करयोग्य आय | |

एफसिए राजकुमार फुयाल

## अनुमानित आय विवरण दाखिला नगरेमा

मानौं, आ.ब. २०७७।७८ मा कुनै व्यक्तिको अनुमानित आयका आधारमा निजको कर दायित्व रु. ४,००,००० हुन आउने रहेछ । सो व्यक्तिले ऐनको दफा ९४ मा उल्लेखित प्रावधानका आधारमा सो दायित्वको ४० प्रतिशतले हुन आउने रकम रु. १,६०,००० र सो सम्बन्धी विवरण २०७७ पौष मसान्त सम्म सम्बन्धित राजस्व कार्यालयमा दाखिल गर्नु पर्दछ । निजले सो मितिसम्म यस्तो विवरण दाखिला नगरेमा निजले रु. ५,००० शुल्क बुझाउनु पर्दछ । यस्तो शुल्क कर रकम दाखिला गर्ने तर विवरण दाखिला नगर्ने व्यक्तिले समेत बुझाउनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## अनुमानित आय विवरण दाखिला गर्नु नपर्ने

**अनुमानित कर रकम रु. ७,५०० मात्र हुने रहेछ भने त्यस्तो संस्थाले किस्ता रकम र विवरण बुझाउनु पर्दैन ।**

मानौ, किसान सहयोग सहकारीको आ.व. २०७६।७७ मा भएको २०७६ पुष २५ गते सम्मको कारोबारबाट दाखिला गर्नु पर्ने अनुमानित कर रकम रु. ६,५०० मात्र हुने रहेछ भने त्यस्तो संस्थाले २०७६ पुष मसान्त, २०७६ चैत्र मसान्त तथा २०७७ आषाढ मसान्त सम्ममा बुझाउनु पर्ने किस्ता रकम बुझाउनु पर्दैन ।

एफसिए राजकुमार फुयाल

## सहकारी ऐन, २०७४ मा कर सम्बन्धि व्यवस्था

| | | |
|---|---|---|
| महानगरपालिकामा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारी | → | १०% कर |
| उपमहानगरपालिकामा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारी | → | ७% कर |
| नगरपालिकामा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारी | → | ५% कर |
| गाउँपालिकामा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारी | → | कर नलाग्ने |

एफसिए राजकुमार फुयाल

साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा रकमान्तर भएको रकममा आय कर लाग्ने छैन ।

एफसिए राजकुमार फुयाल

## सहकारीमा आय कर

- अन्य सहकारी
  - गाउँपालिका क्षेत्रमा सञ्चालित बचत तथा ऋण सहकारी संस्था
    - आयमा कर नलाग्ने
  - अन्य सहकारी संस्था
    - ???
- कृषि वा वन पैदावारमा आधारित सहकारी
  - आयमा कर नलाग्ने

एफसिए राजकुमार फुयाल

गाउँपालिकामा सञ्चालित सहकारी




→ कर नलाग्ने

एफसिए राजकुमार फुयाल

## कृषि, वन पैदावारमा आधारित सहकारी र गाउँपालिकामा सञ्चालित बाहेकका सहकारीमा कर सम्बन्धि व्यवस्था

| | |
|---|---|
| महानगरपालिकामा सञ्चालित सहकारी | १०% कर |
| उपमहानगरपालिकामा सञ्चालित सहकारी | ७% कर |
| नगरपालिकामा सञ्चालित सहकारी | ५% कर |

एफसिए राजकुमार फुयाल

## कृषि, वन पैदावारमा आधारित सहकारी र गाउँपालिकामा सञ्चालित बाहेकका सहकारीमा कर सम्बन्धि व्यवस्था आ.व. २०७९/८० बाट

| | |
|---|---|
| महानगरपालिकामा सञ्चालित सहकारी | १५% कर |
| उपमहानगरपालिकामा सञ्चालित सहकारी | १०% कर |
| नगरपालिकामा सञ्चालित सहकारी | ७.५% कर |

एफसिए राजकुमार फुयाल

## विभिन्न दरले कर लाग्ने स्थानिय निकायमा सेवा केन्द्र रहेर सञ्चालित सहकारीमा कर सम्बन्धि व्यवस्था ???



एफसिए राजकुमार फुयाल

- सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई संचालन भएको **कृषि वा वन पैदावारमा आधारित** ( रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका वीउ विजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी वीउ विजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा **गाउँपालिकाको क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघ**को आयमा कर लाग्ने छैन ।
- **यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।**
- **यस्तो संस्था वा संघमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक २५००० रुपैयाँसम्मको ब्याज आयमा कर लाग्ने छैन ।**

एफसिए राजकुमार फुयाल

## कर सम्बन्धि व्यवस्था आयकर ऐन २०५८ बमोजिम हुने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सालबसाली लागु हुने आर्थिक ऐनले आयकर ऐनमा संसोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धि व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले सो आयकर ऐन बमोजिमका करका व्यवस्थाहरुमा कुनैपनि संशोधन, परिबर्तन वा कर सम्बन्धि अन्य व्यवस्थाहरु गर्न सक्दैन ।

यस प्रकार आयकर ऐन २०५८ मा संशोधन निम्न दुई तरिकाले मात्र हुनसक्ने देखिन्छ ।

१. आर्थिक ऐनको माध्यमबाट आयकर ऐन, २०५८ मा संशोधन गर्ने वा

२. आयकर ऐन २०५८ मै संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गर्ने ।

एफसिए राजकुमार फुयाल

## कागजातको अभिलेख राख्ने :

लेखापरीक्षणका कागजात, आय विवरण वा अन्य कुनै कागजातहरुलाई पुष्ट्याइँ गर्ने आवश्यक सूचना तथा कागजात र खर्च कट्टीलाई पुष्ट्याइँ गर्ने कागजात सम्बन्धित आय वर्ष समाप्त भएको मितिले **पाँच वर्षको** अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।



एफसिए राजकुमार फुयाल

## आय विवरण (INCOME TAX RETURN)

आन्तरिक राजस्व विभाग
Inland Revenue Department
करदाताको सेवामा समर्पित

आय वर्ष समाप्त भएको **३ महिना** भित्रमा ( असोज मसान्त भित्र) दफा ९७, ९८ र १०० को अधीनमा रही सो वर्षको आय विवरण दाखिला गर्नु पर्नेछ ।




एफसिए राजकुमार फुयाल

## आय विवरण दाखिला गर्ने म्याद थप

- आय विवरण दाखिला गर्ने म्यादभित्र विभाग समक्ष म्याद थपको लागि लिखित निवेदन दिएमा र मनासिव माफिकको कारण भएमा विभागले आयविवरण दाखिला गर्नुपर्ने म्याद थप गरिदिन सक्नेछ ।
- विभागले एकै पटक वा पटक दि गरी बढिमा ३ महीना सम्म म्याद थप गर्न सक्नेछ ।




एफसिए राजकुमार फुयाल

## आय विवरण लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्ने

१ करोड भन्दा ज्यादा वार्षिक कारोबार भएको संस्थाले पेश गर्ने आय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्दछ ।



एफसिए राजकुमार फुयाल

## आय विवरण म्याद भित्र दाखिला नगरेमा

आय विवरण म्याद भित्र दाखिला नभएमा **आयमा देखाएको रकमको प्रति वर्ष ०.१%** का दरले हुने रकम शुल्क लाग्छ ।

आय विवरण दाखिला गर्ने म्याद थप पाएको र सो म्यादभित्र विवरण दाखिला गरेको खण्डमा ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क नलाग्ने हुन्छ ।

तर सो थप भएको म्यादभित्र विवरण दाखिला नभएमा ऐनको दफा ९६ को उपदफा (१) बमोजिम विवरण बुझाउनु पर्ने म्याद अर्थात आय वर्ष समाप्त भएको तीन महिनाको म्याद भुक्तान भएको मिति देखि (कार्तिक महिनादेखि) नै ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क लाग्दछ ।

एफसिए राजकुमार फुयाल

## ITR-D03 स्वयं कर निर्धारण फाराम (डे-०३)

- Go to Tax payer portal.
- Go to Income Tax return.
- Go to D-03.
- Get submission number by filling the required fields.
- Proceed with detail of auditor.
- Fill annexure 5



एफसिए राजकुमार फुयाल

- Fill annexure 2
- Fill annexure 10
- Fill annexure 13
- Go to other documents and attach Scanned copy of signed financials.
- Submit the ITR.
- Go to General log in and click on verification
- Verify D03.
- You are done now.

एफसिए राजकुमार फुयाल

## दफा ९६(६) संशोधित आय विवरण :

संस्थाले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा **विवरण पेश गरेको मितिले ३० दिनभित्र** विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संशोधन गर्न सक्ने छ ।

**म्यादभित्र पेश नगरेको आय विवरण संशोधन गर्न सकिने छैन ।**

एफसिए राजकुमार फुयाल

## संशोधित कर निर्धारण :

- दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्वमा विभागले संशोधित कर निर्धारण गर्न सक्नेछ ।
- विभागले कर निर्धारण गर्दा आय विवरण पेश गर्नुपर्ने मितिले **चार वर्षभित्र** गरिसक्नु पर्नेछ ।
- जालसाजीले गर्दा कर निर्धारण गलत ढङ्गबाट भएको रहेछ भने **जुनसुकै बखत** विभागले कर निर्धारणमा संशोधन गर्न सक्नेछ । यसरी संशोधन गर्दा जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी प्राप्त भएको **१ वर्षभित्र** संशोधन गरिसक्नु पर्नेछ ।
- संशोधित कर निर्धारण गर्दा विभागले त्यसरी संशोधन गर्नु परेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो कर निर्धारण सम्बन्धमा सफाईको प्रमाण पेश गर्न **१५ दिन**को म्याद दिनु पर्नेछ ।

एफसिए राजकुमार फुयाल

## शुल्क तथा ब्याज सम्बन्धी व्यवस्था

(१) दफा ११७ बमोजिम कागजात नराखेमा वा ढिलो विवरण बुझाए बापतको शुल्क ।
(२) दफा ११८ बमोजिम किस्ताबन्दीमा कर दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा लाग्ने ब्याज ।
(३) दफा ११९ बमोजिम कर नबुझाएमा लाग्ने ब्याज ।
(४) दफा ११९क. अनुसार यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमका कुनै व्यवस्थालाई पालना नगर्ने व्यक्तिलाई लाग्ने शुल्क ।
(५) दफा १२० बमोजिम झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्क ।
(६) दफा १२१ बमोजिम यस ऐनमा उल्लिखित कुनै कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा प्रोत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई लाग्ने शुल्क ।

एफसिए राजकुमार फुयाल

## शुल्क तथा ब्याज सम्बन्धी व्यवस्था

| कसुर | शुल्क तथा जरिवाना | बिषेश व्यवस्था |
|---|---|---|
| कागजात नराखेमा | आय रकमको ०.१ % अथवा १००० मध्ये जुन बढी हुन्छ | |
| टि.डि.एस विवरण दाखिला नगरेमा | २.५% प्रति बर्ष | |
| टि.डि.एस समयमा नबुझाएमा | १५% प्रति बर्ष | |
| आयकर नबुझाएमा | १५% प्रति बर्ष | |
| आय विवरण दाखिला नगरेमा | आय रकमको ०.१% अथवा १०० प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ | |

एफसिए राजकुमार फुयाल

## सहकारीलाई शुल्क तथा जरिवाना :

| कसुर | शुल्क तथा जरिवाना | बिषेश व्यवस्था |
|---|---|---|
| किस्ताबन्दी कर विवरण दाखिला नगरेमा | पाँच हजार रुपैया प्रति विवरण | |
| किस्ताबन्दीमा कर दाखिला नगरेमा | १५% प्रति वर्ष | |



## झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा

भूलवस झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको ५० प्रतिशत ।

जानाजानी वा लापरवाही गरेको कारणले झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको १०० प्रतिशत ।



दफा ११९ क अनुसारको शुल्क लाग्ने :

यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म शुल्क लाग्नेछ ।

मतियारलाई शुल्क लाग्ने

यस ऐनमा मा उल्लिखित कुनै कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्ता व्यक्तिले कम तिरेको करको शतप्रतिशत रकम शुल्क लाग्नेछ ।

एफसिए राजकुमार फुयाल

## कसूर तथा सजाय

- **कर दाखिला नगर्नेलाई हुने सजाय** : मनासिब माफिकको कारणबिना कर दाखिला गर्नु पर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई ५,००० देखि ३०,००० सम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।
- **झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय** : कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिबाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

एफसिए राजकुमार फुयाल

## कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजाय :

यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृत/कर प्रशासनमा बाधा विरोध गरेमा वा अनुचित प्रभाव पार्नेलाई **पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिना देखि तीन महिनासम्म कैद वा दुबै सजाय** हुनेछ ।





मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आ.ब. २०७३।७४ को आय विवरण दाखिला गर्न ऐनको दफा ९८ बमोजिम २०७४ पौष मसान्तसम्मको म्याद थप भएको रहेछ । सो थप भएको म्यादभित्र समेत उक्त संस्थाले विवरण दाखिला नगरी २०७४ माघ ९ मा मात्र आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको रहेछ । उक्त वर्ष सो संस्थाको ऐनको दफा ७ बमोजिम आयमा समावेश गर्नु पर्ने रकम रु. ५० लाख रहेछ र कट्टी दाबी योग्य रु. ४० लाख रहेछ । उक्त संस्थाले दाखिला गर्नु पर्ने ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क गणना कसरी हुन्छ त ?

शुल्क लाग्ने अवधि (कार्तिक २०७४ देखि माघ २०७४ सम्म),४ महिना दफा ११७(१)(ग) बमोजिमको शुल्क :

रु. ५०,००,००० * ०.१%/१२ * ४ = रु. १,६६७00

थप भएको म्यादभित्र विवरण दाखिला नगरेकोले ऐनको दफा ९६ को उपदफा (१) बमोजिम विवरण बुझाउनु पर्ने म्याद अर्थात आय वर्ष समाप्त भएको तीन महिनाको म्याद भुक्तान भएको मिति देखि (कार्तिक महिना देखि) नै ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको आय रकमको ०.१% शुल्क लाग्दछ ।

एफसिए राजकुमार फुयाल

ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आ.व. २०७६।७७ मा रु. ८० लाख बराबरको कारोबार गरेको रहेछ । उक्त आ.व. को कूल खर्च रु. ६० लाख रहेछ । उक्त संस्थाले खर्चलाई पुष्ट्याँई गर्ने कागजात राखेको रहेनछ । यस अवस्थामा उक्त संस्थाले दफा ८१ को उपदफा (१) को खण्ड (ग) अनुसार कागजात नराखेको हुँदा दफा ११७ को उपदफा (२) बमोजिमको शुल्क गणना निम्नानुसार गर्नुपर्छ :

१. यस प्रयोजनको लागि निर्धारणयोग्य आय रु. ८० लाख
२. निर्धारणयोग्य आयको ०.१ प्रतिशतले हुने रकम रु. ८ हजार
३. न्यूनतम शुल्क रु. १ हजार

यस अवस्थामा उक्त कम्पनीले रु. ८ हजार शुल्क तिर्नु पर्दछ ।

एफसिए राजकुमार फुयाल

मानौं, हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्थाले परामर्शदातालाई भुक्तानी गरेको सेवा शुल्क रु. १००,००० मा रु. १५,००० कर कट्टी गरेका रहेनछ । भुक्तानीमा कर कट्टीको सम्बन्धमा कार्यालयबाट छानबिन गर्दा भुक्तानीमा कर कट्टी नगरेको देखियो । यस्तो अवस्थामा भुक्तानीमा कर कट्टी नगरेको रु. १५ हजार दफा ९०(३) बमोजिम निजबाट कट्टी भएको मानि ऐनको दफा १२० को खण्ड (क) बमोजिम रु. ७,५०० शुल्क समेत लगाउनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आ.व. २०७४।७५ को आय विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाएका रहेछन् । उक्त संस्थाले पेस गरेको आय विवरणमा रेमिट्यान्स बापत प्राप्त गरेको रु. १० लाख रकम आयमा समावेश नगरी आय विवरण पेस गरेको आधार मानि कुरौटे बहादुरले सो संस्थाले आय लुकाएको लिखित जानकारी विभागका महानिर्देशकलाई गराएका रहेछन् । सोही अनुसार कार्यालयबाट छानबिन गर्दा प्रमाणका आधारमा संशोधित कर निर्धारण गरी जानाजानी लुकाएको उक्त आयमा २० प्रतिशतका दरले हुन आउने कर रकम रु. २ लाख कर कायम गरिएको रहेछ । यसरी उक्त संस्थाले जानाजानी आय लुकाएको हुँदा ऐनको दफा १२० को खण्ड (ख) बमोजिम रु. २ लाख शुल्क लगाउनु पर्दछ ।

एफसिए राजकुमार फुयाल

## कर प्रयोजनका लागी नोक्शानी सार्ने

सहकारीले कुनै एक आय वर्षमा व्यहोर्नु परेको नोक्सानी आउदो ७ वर्ष सम्ममा समायोजन गर्न पाउँछ ।
त्यसैले, कुनै वर्ष नाफा भएमा अघिल्लो बर्षको घाटाको कर समायोजन गर्न पाइने छ ।
मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाको आ.ब. २०७६।७७ मा रु. ६० लाख नोक्सानी भएको रहेछ भने संस्थाको सो नोक्सानी आगामी आ.व.हरुमा सार्न सकिन्छ । यस्तो नोक्सानी ७ वर्ष (अर्थात आ.ब.२०८४।८५) सम्म समायोजन नहुन्जेल सारी दाबी गर्न सकिन्छ ।




एफसिए राजकुमार फुयाल

## कर फिर्ता र हिसाब मिलान :

दाखिला गर्नुपर्ने कर दायित्व भन्दा बढी हुने गरी कर बुझाएमा बढी दाखिला गरेको कर रकम यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर रकमबाट घटाउन सकिन्छ । यसरी घटाएर पनि बढी हुन गएको जति रकम विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ ।

कुनै व्यक्तिले दफा ११९ बमोजिम दाखिला गरेको ब्याजसँग सम्बन्धित कर दाखिला गर्न नपर्ने भएमा विभागले यस्तो ब्याज सो व्यक्तिलाई फिर्ता गर्नुपर्नेछ ।

कुनै व्यक्ति/संस्थाले कर दायित्व भन्दा बढी हुने गरी बुझाएको रकम फिर्ता पाउन विभागमा निवेदन दिएमा विभागले निवेदन परेको मितिले ६० **दिनभित्र** त्यस्तो रकम फिर्ता गर्नुपर्नेछ ।

एफसिए राजकुमार फुयाल

“Next to being shot at and missed, nothing is really quite as satisfying as an income tax refund.”

- F.J. Raymond



## मूल्य अभिवृद्धि कर (VAT)




एफसिए राजकुमार फुयाल

## मूल्य अभिवृद्धि करको परिचय

- मूल्य अभिबृद्धि कर वस्तु वा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो ।
- वस्तु वा सेवाको उत्पादन, पैठारी तथा वितरणका विभिन्न तह र चरणहरुमा हुने मूल्य अभिबृद्धिको अंशमा लाग्ने कर भएकाले यसलाई मूल्य अभिबृद्धि कर भनिएको हो ।
- मूल्य अभिबृद्धि कर प्रणालीमा उपभोक्ता वास्तविक करदाता हुन्छन् किनकी उनीहरुले करको वास्तविक भार बहन गर्दछन् ।

एफसिए राजकुमार फुयाल

## मूल्य अभिवृद्धि करको दर

- यस ऐन बमोजिम लाग्ने करको दर १३ प्रतिशत को एकल दर हुनेछ ।
- तर अनुसूची-२ मा उल्लेखित वस्तु वा सेवाको कारोवारमा शून्य दरमा कर लाग्नेछ ।

१३%

एफसिए राजकुमार फुयाल

## मूल्य अभिवृद्धि करमा दर्ता

- मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता गर्दा कारोबार गर्ने व्यक्ति, कारोबारको प्रकृति, कारोबार अंक जस्ता आधारभूत पक्षमा विशेष ध्यान दिनु पर्दछ ।
- करयोग्य **वस्तुको कारोवार वार्षिक रु एक करोड भन्दा बढी**, करयोग्य **सेवाको कारोवार वार्षिक रु तीस लाख भन्दा बढी** र करयोग्य **वस्तु तथा सेवाको मिश्रित कारोबार वार्षिक रु तीस लाख भन्दा बढी** भएमा व्यक्ति अनिवार्यरुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ ।
- अनुसूची-१ मा उल्लिखित कर छुट हुने वस्तु वा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले दर्ता गराउनु पर्ने छैन ।

एफसिए राजकुमार फुयाल

## भवन वा यस्तै संरचना निर्माण सम्बन्धी विशेष व्यवस्था

कुनै संस्थाले व्यावसायिक प्रयोजनका लागि पचास लाख रुपैयाँ भन्दा बढी लागतको भवन, अपार्टमेण्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ ।



एफसिए राजकुमार फुयाल

## भवन वा यस्तै संरचना निर्माणमा पश्चगामी करारोपण (Reverse Charging)

- व्यावसायिक प्रयोजनको ५० लाख रुपैयाँ भन्दा बढी लागतको भवन निर्माण गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्ने बाध्यात्मक व्यवस्था रहेको छ ।
- यदि यस्तो निर्माण मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट गराएमा जे जति मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ सो बराबरको कर उक्त सम्पत्तिको स्वामित्व रहेको व्यक्ति आफैँले गणना गरी दाखिला गर्नुपर्छ ।



एफसिए राजकुमार फुयाल

## विदेशबाट सेवा प्राप्त गर्दा पश्चगामी करारोपण (Reverse Charging)

- नेपाल बाहिरको दर्ता भएको सेवाप्रदायकले नेपालमा कुनै व्यक्तिलाई सेवा आपूर्ति गरे बापत उक्त व्यक्तिले नेपालबाट विदेशी सेवा प्रदायकलाई भुक्तानी गर्दा भुक्तानी गर्ने मूल्यमा आफैले प्रचलित दरमा ( हाल १३ प्रतिशत) मूल्य अभिवृद्धि कर गणना गरी कर दाखिला गर्नु पर्ने व्यवस्था ऐनले गरेको छ ।




एफसिए राजकुमार फुयाल

## मूल्य अभिवृद्धि कर र कर विवरण पेश गर्नुपर्ने

- प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको **२५ दिनभित्र** कर विवरण पेश गर्नु पर्नेछ ।
- यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि पेश गर्नु पर्नेछ ।
- उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक **१० प्रतिशत** का दरले थप दस्तुर लाग्नेछ ।
- प्रत्येक कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले **२५ दिनभित्र** बुझाउनु पर्नेछ ।

एफसिए राजकुमार फुयाल

## मूल्य अभिवृद्धि करपाटीको व्यवस्था

:

करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ ।

कर सहितको मूल्य उल्लेख गर्नु पर्ने :

दर्ता भएको व्यक्तिले आफ्नो कारोबार स्थलमा राखिएको कर लाग्ने वस्तु वा सेवाको विक्री मूल्य (ट्याग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नु पर्नेछ ।

एफसिए राजकुमार फुयाल

## खरीद तथा विक्री खाता प्रमाणित सम्बन्धी व्यवस्था

श्रावण महिना भित्र कर अधिकृतबाट खरीद तथा विक्री खाता प्रमाणित सम्बन्धी व्यवस्था खारेज भएको छ ।

अब यस्तो खरीद तथा विक्री खाता आफै प्रमाणित गर्न सकिन्छ ।

एफसिए राजकुमार फुयाल

“The cost of non-compliance is great. If you think compliance is expensive, try non-compliance.”

- Paul McNulty

Former U.S. Deputy Attorney General



एफसिए राजकुमार फुयाल

ध्यान दिएर सुन्नुभएकोमा धन्यवाद ।

केही टिप्पणी, प्रश्न, जिज्ञासा अथवा सल्लाह सुझाव छ की ???

**For any Queries Feel Free to Contact**

**Email:** carajkumarphuyal@gmail.com

**Mobile No: +977 – 9851203839**